मिति : २०७८/१२/१०

# वि.टेक. खाद्य प्रविधि प्रथम वर्षमा नयाँ भर्ना सम्बन्धि सूचना

शैक्षिक शत्र २०७८/०७९ सालमा स्नातक तह अन्तर्गत बि.टेक. खाद्य प्रविधि प्रथम वर्षमा भर्नाको लागि त्रि.वि. विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालयद्वारा मिति २०७८/१२/०७ गते लिइएको प्रवेश परीक्षामा उत्तिर्ण हुने विद्यार्थीहरु मध्ये यस केन्द्रीय प्रविधि क्याम्पस, धरानमा बि.टेक. खाद्य प्रविधि अध्ययन गर्न ईच्छुक विद्यार्थीहरुबाट पूर्व-भर्ना आवेदन माग गरिन्छ । भर्ना प्रकृयाको सम्बन्धमा त्रि.वि. विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालयले प्रकाशित गरेको प्रवेश परीक्षाको नतिजा बमोजिम यस केन्द्रीय प्रविधि क्याम्पसमा पढ्न आवेदन दिने विद्यार्थीहरुमध्येबाट योग्यताक्रमानुसार भर्ना लिईने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा सूचित गरिन्छ । Application Form क्याम्पस प्रशासन वा क्याम्पसको OFFICIAL Website www.cctdharan.edu.np बाट पनि प्राप्त गर्न सकिनेछ ।

अनलाईन मार्फत पूर्व-भर्ना फाराम भर्ने विद्यार्थीहरुको हकमा यस केन्द्रीय प्रविधि क्याम्पस, धरानको नाममा प्रभु बैंक लिमिटेड, धरानमा रहेको बैक खाता नं. ०१९००२०३५३८०००१४ (चल्ति खाता) मा रु. ५००।- (पाँच सय मात्र) जम्मा गरेको भौचर र भरेको Application Form Scan गरि यस क्याम्पसको E-Mail : **cct.admission.btech@gmail.com** मा पठाएर पनि पूर्व-भर्ना फाराम भर्न सकिनेछ ।

**आवेदन फाराम बुझाउने अन्तिम मिति :** २०७८/१२/१५ गते सम्म ।

पुनश्चः फाराम बुझाउँदा एस.ई.ई. को मार्कसिट, ११ को मार्कसिट तथा +२ को ट्रान्सकृप्ट अनिवार्य बुझाउनु पर्नेछ ।

त्रि.वि. विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीन कार्यालयको निर्देशन अनुसार २० प्रतिशत विद्यार्थीहरुलाई समावेशी कोटामा भर्ना गराउनुपर्ने प्रावधान बमोजिम यस क्याम्पसमा समावेशी कोटामा पढ्न ईच्छुक विद्यार्थीहरुले माथि उल्लेखित पूर्व-भर्ना आवेदन फाराम भरि यसै सूचना साथ संलग्न गरिएको समावेशी कोटाको आवेदन फाराम समेत भरि आवश्यक कागजातहरुको साथ बुझाउनु पर्नेछ ।

**समावेशी कोटामा भर्ना हुन चाहने विद्यार्थीहरुको निम्न बमोजिमको योग्यता अनिवार्य रुपमा भएको हुनु पर्नेछ ।**

**(क)** उम्मेद्वारले कक्षा ८, ९ र एस.एल.सी/एस.ई.ई. सामुदायिक विद्यालयमा र कक्षा ११ र १२ सामुदायिक विद्यालय वा नेपाल भित्रका विश्वविद्यालयहरुको आंगिक क्याम्पसमा अध्ययन गरेको हुनु पर्नेछ । तर नेपाल सरकारको छात्रवृत्ति प्राप्त गरि अन्य निजी कलेजमा अध्ययन गरेको भए सोको प्रमाण पेश गर्नुपर्नेछ ।

**(ख)** समानुपातिक समावेशी कोटामा आरक्षणको आधारमा भर्ना हुन चाहने विद्यार्थीहरुको हकमा : अपाङ्गले राष्ट्रिय आयोग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट, आदिवासी/जनजातीले आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट, दलितले राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट, पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिले सम्बन्धित गाँउपालिका तथा नगरपालिकाबाट, मधेसी समुदायको व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट, मुश्लीम समुदायको व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट सो को प्रमाणपत्र पेश गरेको हुनु पर्नेछ ।

**(ग)** आरक्षण प्राप्त गर्ने व्यक्तिले झुठो विवरण पेशगरि भर्ना आरक्षण सुविधा लिएको प्रमाणित भएमा भर्ना रद्द गरि कानुन बमोजिम कारबाहि गरिनेछ ।

अन्यथा, समावेशी कोटाका लागि परीक्षा फारामको साथ आवश्यक कागजात पेश नगरेको खण्डमा क्याम्पस प्रशासन नतिजा प्रकाशन गर्न बाध्यकारी हुने छैन ।

...............................

(डा. दिलकुमार लिम्बु)
क्याम्पस प्रमुख
क्याम्पस प्रमुख

# Pre-admission Application form for B.Tech. (Food) intake: 2078

## Central Campus of Technology, Dharan

**General Information**

Student's Name: ……………………………...

Permanent Address: ………………………......

**Student's Contact Information**

Mobile No.: …………………………

E-mail: ………………………………

Telephone No.: ……………………..

**Academic Information**

| | |
|---|---|
| **IOST Score** | |
| **Entrance Roll No.** | |
| **+2 or equivalent % /CGPA** | |
| **Class XI / 11 GPA** | |
| **SLC , SEE / CGPA** | |

The above information is correct

Student's signature: …………….

Date: …………………………...

**Contact Information:**

Central Campus of Technology, Dharan-14, Sunsari, Nepal
E-mail: **cct.admission.btech@gmail.com**
Website: **www.cctdharan.edu.np**
Tel No.: 025-570228

*समावेशी तर्फ छुट्टाईएका कोटामा निवेदन दिँदा संलग्न तालिका अनुसार आवश्यक कागजात अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।*

# Tribhuvan University

## Institute of Science & Technology

### बि.टेक. खाद्य प्रविधि कार्यक्रममा समाबेशी कोटामा आवेदनको लागि बुझाउनु पर्ने आवश्यक कागजातहरु

**आवेदन दिने क्याम्पसको नाम** ..........................................................................................

| क्र.सं | विवरण | संस्था (कागजात कहाँ बाट ?) | कागजातको प्रकृति | छ | छैन |
|---|---|---|---|---|---|
| १. | कक्षा ८, ९ र SLC/SEE तह सरकारी वा सामुदायिक विद्यालय (सरकारी) बाट उत्तीर्ण गरेको प्रमाण | सम्बन्धित जिल्ला शिक्षा कार्यालय वा नेपाल सरकारले तोकेको कार्यालयबाट (स्थानीय निकाय - गाउँपालिका/नगरपालिका/वडा कार्यालयबाट) | सक्कल वा प्रमाणित प्रतिलिपि | | *Not Applicable for Samabesi Quota* |
| २. | कक्षा 11 र 12 वा माध्यमिक तह सामुदायिक विद्यालय (सरकारी) बाट उत्तीर्ण गरेको प्रमाण | सम्बन्धित जिल्ला शिक्षा कार्यालय वा नेपाल सरकारले तोकेको कार्यालयबाट (स्थानीय निकाय - गाउँपालिका/नगरपालिका/वडा कार्यालयबाट) | सक्कल वा प्रमाणित प्रतिलिपि | | |
| ३. | नेपाल सरकारको छात्रवृत्ती प्राप्त गरी सामुदायिक वा निजी क्याम्पसमा अध्ययन गरेको भए | छात्रवृत्ती प्रदान गर्ने नेपाल सरकारको सम्बन्धित कार्यालयबाट | सक्कल प्रति | | |
| | | **समाबेशी कोटा** | | | |
| ४. | महिला | नागरिकताको प्रमाणपत्र | प्रमाणित प्रतिलिपि | | |
| ५. | जनजाती | आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट | सक्कल वा प्रमाणित प्रतिलिपि | | |
| ६. | मधेशी | सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट | सक्कल वा प्रमाणित प्रतिलिपि | | |
| ७. | दलित | राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट | सक्कल वा प्रमाणित प्रतिलिपि | | |
| ८. | अपाङ्गता | राष्ट्रिय अपाङ्ग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट | सक्कल वा प्रमाणित प्रतिलिपि | | |
| ९. | पिछडिएको दुर्गम क्षेत्र | सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट | सक्कल वा प्रमाणित प्रतिलिपि | | |
| १०. | मुश्लिम | सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट | सक्कल वा प्रमाणित प्रतिलिपि | | |
| ११. | थारु | सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट | सक्कल वा प्रमाणित प्रतिलिपि | | |
| १२. | अन्य | सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट वा नेपाल सरकारले तोकेको कार्यालयबाट | सक्कल वा प्रमाणित प्रतिलिपि | | |
| **आरक्षण प्राप्त गर्ने विद्यार्थीले झुटो विवरा पेस गरी भर्ना आरक्षण सुविधा लिएको प्रमाणित भएमा भर्ना रद्द गरी कानुन बमोजिम कारवाही हुनेछ ।** | | | | | |
| **आरक्षणमा भर्ना हुने विद्यार्थीले नियमित विद्यार्थी भर्ना हुन लाग्ने सरहको शुल्क नियमानुसार तिर्नु पर्नेछ ।** | | | | | |
| **आङ्गिक क्याम्पसहरुमा पठन पाठन हुने कुनै पनि विषयमा आरक्षण सुविधा सम्बन्धित विद्यार्थीले कुनै एक तहमा मात्र उपयोग गर्न पाउने छ ।** | | | | | |

माथि उल्लेखित विवरणहरु सही छन् । यस बाहेक मैले विगतमा समावेशी अन्तर्गत कुनै पनि शैक्षिक तहमा भर्ना भई अध्ययन नगरेको कुरा समेत जानकारी गराउँदछु । माथी उल्लेखित विवरण झुठो पेश गरेको ठहरिएमा नियमानुसार कारवाही व्यहोर्न तयार छु ।

**मिति:** ........................

......................

**विद्यार्थीको हस्ताक्षर**

**विद्यार्थीको नाम :** ..............................................

प्राप्ताङ्क : ..............................................

परीक्षा रोल नं.: ..............................................

**E-mail :** ..............................................